# सेण्टर फर इनोभेटिभ गभर्नेन्स प्राक्टिसेस, काठमाण्डौ नेपालमा प्रस्तुत गरिएको

## गण्डकी प्रदेशका स्थानीय सरकारका संचालित नगरपालिका तथा गाउँपालिकाका प्रवक्ताहरुका लागि आयोजित

# “प्रवक्ताको भूमिका तथा जिम्मेवारी” विषयक प्रशिक्षण कार्यक्रम सम्बन्धी प्रतिवेदन, २०८०


**प्रतिवेदन प्रस्तुतकर्ता**

| | |
|---|---|
| **महेन्द्र कुमार थापा** | **प्रमुख कार्यक्रम संयोजक** |
| **लक्ष्मी विलास कोईराला** | **कार्यक्रम संयोजक** |


२०८० चैत्र ६-८

**पोखरा, कास्की**

परिच्छेद एक

# प्रारम्भिक

## १. पृष्ठभूमी

कार्यालयमा काम गर्ने जनशक्तिलाई जसलाई व्यवस्थापनको भाषमा मानवीय पुंजीका रुपमा लिईन्छ, तिनीहरुलाई समय सापेक्ष दक्ष वनाउन ज्ञान र शीपमा वृद्धि गराउन "सिक्ने र सिकाउने विधी" प्रशिक्षण हो । छोटो समयमा तत्काल आवश्यक पर्ने ज्ञान शीप सिक्ने र सिकाउने विभिन्न उपायहरु मध्ये एक सशक्त माध्यम तालिम -(प्रशिक्षण) नै हो । प्रशिक्षणले कर्मचारीको पेशागत तथा पदीय कार्यक्षमता र कार्यदक्षतामा अभिवृद्धि गर्दछ । वास्तवमा तालिमले व्यक्तिको बोध क्षमता, सजगता र चेतना (चिन्तन र विश्लेषण गर्ने क्षमता) को अभिवृद्धि गरीगराई कर्मचारीले गर्ने कार्यसम्पादनमा सकारात्मक प्रभाव पार्दछ । प्रशिक्षणले कर्मचारीको पेशागत तथा पदीय काम, कर्तव्य, जिम्मेवारी र उत्तरदायित्व वहन गर्न गराउन निजलाई आवश्यक पर्ने विषयवस्तुको ज्ञान, सो ज्ञानको उपयोग गर्नसक्ने शीप सिकाउनु र धारणामा सकारात्मक परिवर्तन तथा सुधार गरीगराई कार्यक्षेत्रमा गर्ने व्यवहारलाई शहनशील, विनम्र, मर्यादित र शालिन वनाउदै आचरणमा सेवामैत्री तथा नागरिकमैत्री वनाउदै सक्षम, दक्ष, कार्यसम्पादन गर्ने, व्यवसायिक पेशाकर्मीमा रुपान्तरण गर्ने कार्य गर्दछ । यसले व्यक्तिगत  जीवन, सांगठनिक कार्यजीवन र संगठनको समष्टिगत कार्य शैली तथा कार्य सम्पादन गर्ने तौरतरिका  सशक्तिकरण गरी क्षमता बढाउने कार्य गर्दछ ।

संघीय लाकेतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान बमोजिम गठन भएका संघ, प्रदेश र स्थानीय सरकार मध्ये स्थानीय सरकारहरु जनताको सन्निकटका सरकार हुन् । यी सरकारहरु राज्यको सार्वजनिक अधिकार तथा बजेट उपयोग गरेर स्थानीय जनताका लागि सुख, शान्ति र समृद्धिका लागि विकास पूर्वाधार खडा गर्ने र सार्वजनिक सेवा प्रवाह गर्ने सरकार हुन् । प्रजातान्त्रिक शासन प्रणालीमा सार्वजनिक पद धारण गरेको पदाधिकारीले आफलाई प्राप्त अधिकारको प्रयोग जवाफदेहिपूर्ण तरिकाले प्रयोग गरेर निर्णयहरु गर्ने तथा गरेको खर्च पारदर्शि रुपमा नागरिकहरुका लागि जानकारी दिनुपर्ने हुन्छ । साथै, नेपालको संविधानले नागरिकलाई सूचनाको हक प्रदान गरेको छ । सुशासन सम्बन्धी ऐन २०६४ ले सार्वजनिक निकायमा भए गरेका काम कारवाहीको सार्वजनिक जानकारी दिन एक प्रवक्ता तोक्नु पर्ने व्यवस्था गरेकोछ । सोहि बमोजिम धेरै स्थानीय सरकाहरुले प्रवक्ताहरु तोकि कार्य जिम्मेवारी समेत दिएका छन् । त्यसैगरी,  सूचनाको हक प्रयोग गर्नका लागि सूचनाको हक सम्बन्धी ऐन २०६४ मा सार्वजनिक निकायले नियमित रुपमा सूचना प्रवाह गर्नु पर्ने व्यवस्था गरेकोछ । त्यस्तो सूचना प्रवाह गर्नको लागि ऐनले गरेको व्यवस्था बमोजिम एक सूचना अधिकारी तोकी कार्य सम्पादन गर्दै आएका छन् । स्थानीय सरकारहरुले कार्यपालिकाको कुनै सदस्य वा बडाध्यक्षलाई प्रवक्ता बनाउने गरेका छन् ।

प्रवक्ता, जसलाई संगठनको अनुहार, (Face) संगठनको आवाज (Voice ), सेवाग्राही र संचार मिडियासंगको सम्पर्क संयन्त्र भनिन्छ, यीनै प्रवक्ता र सूचना अधिकारीले पालिकाको सम्वन्धमा केहि विषयमा संस्था भन्दा वाहिर अभिव्यक्त गर्दा तथा संस्थाका वारेमा सूचना प्रवाह गर्ने सिलसिलामा पत्रकार मिडियासँग काम गर्नु पर्ने हुन्छ । त्यसैले, प्रवक्ताले जति राम्रोसँग सूचना प्रवाह गर्दछ त्यति नै संगठनको छवि राम्रो हुने हुन्छ, प्रतिष्ठा वढाउने कार्यमा सहयोग पुग्दछ । प्रवक्ताको कार्यसम्पादनका आधारमा

नागरिक तथा सरोकारवालाहरुले पालिकाको मुल्यांकन गर्ने गर्दछन् र उनीहरुले विश्वास व्यक्त गर्दछन् । त्यसैले, यिनीहरुले पालिकाको सवैजसो सूचना तथा विवरण संकलन गरी जानकारी राख्नुर्ने हन्छ । त्यसैले प्रवक्ताहरुलाई ज्ञानको भण्डार तथा जानकारीको सन्दूक केही व्यक्तित्व मध्ये मुख्य व्यक्तित्व तथा संस्थाको पृष्ठपोषण संकलकका रुपमा हेरिएको छ ।

सूचना प्रवाह गर्ने एक कला हो । स्थानीय सरकारका सूचनाहरु सार्वजनिक गर्न र मिडिया व्यवस्थापन गर्न प्रवक्ताहरुलाई सक्षम बनाउनको लागि तालिमको उच्च महत्व रहेको हुन्छ । आवश्यक विषयमा प्रशिक्षण दिई प्रवक्ताहरुलाई दक्ष र कुशलतापूर्वक कार्यसम्पादन गर्न सक्षम वनाउन आवश्यक हुन्छ ।

निर्वाचित स्थानीय नेतृत्व, कर्मचारी र स्थानीय जनता एबं अगुवाहरुको सुझबुझपूर्ण व्यवहार र कार्यानुभवको कारण बितेको पाँच बर्षमा स्थानीय सरकारबाट भए गरेका कामहरु प्रायशःराम्रा रहेकाछन् । समयमा जनताका समस्या समाधान पनि भएका छन् । पूर्वाधार निर्माणले गति पनि लिएकोछ । नमूना र तारिफ गर्न योग्य थुप्रै काम पनि भएका छन् । तथापि, अझै स्थानीय सरकारबाट नवीन एवं उल्लेखनीय कामहरु हुन बाँकी नै रहेको देखिन्छ । संबिधान, ऐन, कानूनले स्थानीय सरकारको कार्य जिम्मेवारी क्षेत्र किटान गर्नुका साथै अधिकार र दायित्वपनि व्यवस्था गरेकोछ,। कार्य जिम्मेवारी कार्यान्वयनको चरणमा लैजान कतिपय कानून र कार्यविधिहरु तयार गर्नुपर्ने हुन्छ । मानव संसाधनको विकास आवश्यक हुन्छ । कानून र कार्यबिधिहरु तयार गरी कार्यान्वयन गर्ने क्रममा स्थानीय सरकारहरु निरन्तर लागिरहेकै छन् । मानव संसाधन विकासका कार्यहरु पनि भएकाछन् ।

यस परिप्रेक्षमा स्थानीय तहका अवसरहरु के के छन्, अवसरपूर्ण गतिविधि र कार्यक्रम कार्यान्वयनमा लैजान के कसरी सहयोग पुग्यो र के कस्तो चुनौतिहरुको सामना गर्नु पर्‍यो, विगत पाँचवर्षको भोगाइ र अनुभव कस्तो रह्यो, समस्या र चुनौतिहरु छिचोल्न अपनाइएका/अपनाउनुपर्ने उपायहरु एबं सफलताका सूत्रहरुसमेत अनुपम सम्पतिको रुपमा रहेकाछन् । स्थानीय सरकार सञ्चालनमा निर्वाचित पदाधिकारी र नियुक्त कर्मचारीहरुको ज्ञान, सुझबुझ र क्षमताले कार्यसम्पादनमा महत्वपूर्ण भूमिका खेल्दछ । हिजो जानेको ज्ञान र सिकेको सीपलाई समय समयमा अध्यावधिक गर्दै लैजानु पर्दछ भने निर्वाचित पदाधिकारी र कर्मचारीले समय समयमा क्षमता विकास कार्यक्रममा भाग लिनु बान्छनीय पनि हुन्छ ।

प्रशिक्षणको उल्लेखित उपादेयता र महत्व भएकाले सवैलाई आवश्यक पर्ने विषय नै हो तापनि भर्खर भर्खर लागू भएको संघीयताको कार्यान्वयनका सन्दर्भमा स्थानीय सरकारमा उच्चतम कार्यदक्षता हासिल गर्न व्यवस्थापकीय सुझबुझ, कानूनको सम्यक ज्ञान ईमान्दारिता, उत्तरदायित्व र सक्षमताको खाँचो पर्दछ । पालिकाका लागि सक्षम निर्वाचित पदाधिकारी र कर्मठ कर्मचारी विकास गर्ने उद्देश्यले सेण्टर फर ईनोभेटिभ गभर्नेन्स प्राक्टिसेसले विविध कार्यक्रमहरु निर्माण गरी सञ्चालन गर्दै आएकोछ । यस वर्षका लागि स्थानीय सरकार रुपमा रहेको नगरपालिका तथा गाउंपालिकाका प्रबक्ताहरुका लागि ३ दिने "नगरपालिका तथा गांउपालिकाका प्रवक्ताहरुका लागि प्रवक्ताको भूमिका, उत्तरदायित्व, कार्य र कार्यसम्पादन ज्ञान एवं सीप र स्थानीय सरकार संचालन विषयक प्रशिक्षण कार्यक्रम" आयोजना गर्नयोजना रहेको थियो । त्यसै सिलसिलामा CIGP ले स्थानीय सरकारमा निर्वाचित पदाधिकारी बडाध्यक्ष

एवं प्रवक्ताका जिम्मेवारी कार्यरत जनशक्तिका लागि थप क्षमता बढाउनु पर्ने आवश्यकता महशुस गरेकाले चैत्रको पहिलो साता देखि तालिम कार्यक्रम संचालन गर्ने उद्देश्य र लक्ष्य बमोजिम कार्यक्रम संचालन गरिएको हो ।

## २. प्रशिक्षणको उद्देश्य

यस तालिम कार्यक्रमको मूल उद्देश्य स्थानीय सरकार रुपमा रहेको नगरपालिका तथा गाउंपालिकाका प्रबक्ताहरुका लागि ३ दिने नगरपालिका तथा गांउपालिकाका प्रवक्ताहरुले प्रवक्ताको भूमिका, जिम्मेवारी, उत्तरदायित्व, सम्पादन गर्नुपर्ने कार्य र सो विषयमा आवश्यक पर्ने ज्ञान एवं सीप र स्थानीय सरकार संचालन विषयक प्रशिक्षण र तिनका कार्यान्वयनमा के कस्ता चुनौतिहरु आइपर्छन् भन्ने विषयमा जानकारी प्रदान गर्ने रहेको थियो ।

स्थानीय सरकारमा कार्यरत निर्वाचित पदाधिकारी मध्ये प्रवक्ताका जिम्मेवारीमा रहेकाहरुलाई स्थानीय सरकार संचालनमा, कार्यसम्पादनका क्रममा आवश्यक पर्ने ज्ञान, शीपमा थप निखारपन एवं कार्यान्यनका क्रममा आईपर्ने समस्या र चुनौतीहरुको वारेमा जानकारी दिन र ती समस्याको समाधान गर्न तथा बाधा र अवरोधहरु ह्टाउने उपायहरु समेतको सिकाई उपलब्ध गराई कार्यसम्पादन क्षमता उच्चतम वनाउन यस किसिमको **“प्रवक्ताको भूमिका, जिम्मेवारी”** विषयक ३ दिने तालिम कार्यक्रमको आयोजना गरिएको हो ।

तालिम कार्यक्रमबाट स्थानीय तह सरकार सञ्चालनमा प्रवक्ताको उच्चतम् कार्यदक्षता अभिवृद्धि भएको पाउने अपेक्षा गरिएको थियो । तालिम कार्यक्रमका अपेक्षाहरु निम्न विषयमा सशक्तिकरण गर्ने रहेका थिए ।

- नेपालको संविधान लगायत विभिन्न ऐन कानूनबाट स्थानीय सरकारलाई प्रदत्त विभिन्न कानूनी भूमिका,
- स्थानीय सरकारलाई उपलब्ध जिम्मेवारी, अधिकार र उत्तरदायित्व सम्वन्धी जानकारी,
- स्थानीय तहका लागि आर्थिक व्यवस्थापन तथा कोषको सञ्चालन व्यवस्था, तथा आन्तरिक नियन्त्रण प्रणाली
- प्रजातन्त्र, पारदर्शिता, सूचनाको हक, महत्व र नेपालमा भैरहेको अभ्यास
- संघीयता, स्थानीय सरकार, जिम्मेवारी र ग्लोवल गर्भनेन्स
- सरकारको सूचना प्रवाह प्रणाली, स्थानीय सरकारका प्रवक्ताको भूमिका र प्रवक्ता- पत्रकार भेटघाट
- स्थानीय तहमा निर्णय प्रक्रिया र कार्यान्वयनमा सूचना सञ्चारको भूमिका
- स्थानीय सरकारको राजस्व र सूचना सञ्चार प्रविधिको उपयोगः अवसर र चुनौति

- पत्रकार, पत्रकारिता र पत्रकारितामा आएको नवीन प्रवृति
- अनलाईन सञ्चार, मिथ्या सूचना, द्वेषपूर्ण सूचना र पत्रकार आचार संहिता
- सामाजिक सञ्जालमा आर्टिएफिसियल ईन्टिलिजेन्स उपयोग र सो को प्रेस, सञ्चार र समाजमा पर्न सक्ने प्रभाव
- पालिकाको प्रतिष्ठा निर्माण गर्ने, विकास तथा विस्तार गरी बचाइउ राख्ने विषयमा प्रवक्ताहरुको जिम्मेवारी र भूमिका
- नेटवर्क गर्भनेन्स र मल्टिलेभल गर्भनेन्सको परिचय र अभ्यासका प्रणालीहरु

## ३. प्रशिक्षणमा समावेश भएका विषयहरु

यस प्रशिक्षणमा प्रशिक्षणको लागि विशेषतः तीनवटा मोड्यूलमा केन्द्रित रही विभिन्न सत्रहरु समावेश गरिएको छ । पहिलो दिनको दोश्रो सत्रमा स्व-विकास अवधारणा, संघीय प्रणाली र स्थानीय सरकार (Self- Development, Federal system, and Local Government) मोड्युल अन्तरगत सकारात्मक सोच तथा रुपान्तरणका सूत्रहरु, नेपालको सम्बैधानिक र कानूनी व्यबस्थाका सन्दर्भमा स्थानीय सरकारको भूमिका, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को जानकारी विषय क्षेत्रमा कृष्णहरि बास्कोटाले कक्षामा स्रोत व्यक्तिका रुपमा सहजकारी भूमिका निर्वाह गर्ने कार्यक्रम थियो । तेस्रो सत्रमा, प्रवक्ताको कार्य भूमिका, उत्तरदायित्व र कार्यसम्पादन ज्ञान र शीप मोड्युल अन्तरगत (१) सरकारको सूचना प्रवाह प्रणाली, स्थानीय सरकारका प्रवक्ताको भूमिका र प्रवक्ता- पत्रकार भेटघाटको महत्व विषय क्षेत्र समावेश गरिएका थिए । उक्त विषयको कक्षा पहिलो दिनको तेस्रो सत्रमा नेपाल सरकारका पूर्व सहसचिव लक्ष्मी विलास कोइरालाले सञ्चार र प्रवक्ताको काम कर्तव्य र अधिकारका विषयमा कक्षामा स्रोत व्यक्तिका रुपमा सहजकारी भूमिका निर्वाह गर्ने कार्यक्रम थियो । पहिलो दिनको चौथो सत्रमा, स्थानीय तहको जिम्मेवारी तथा चुनौतिहरु (Responsibilities and issues of Local Level Government) मोड्युल अन्तरगत.स्थानीय तह सञ्चालन र प्रभावकारिता अर्न्तगत चौथो सत्रमा व्यवस्थापन विज्ञ मनोज भट्टराईले स्थानीय नेतृत्वको व्यवस्थापकीय भूमिकाका विषयमा छलफल गर्ने कार्यक्रम थियो ।

दोस्रो दिनको पहिलो सत्रमा पहिलो सत्रमा नेपाल सरकारका पूर्व सहसचिव महेन्द्र कुमार थापा (महेन्द्र सैवुल) ले संगठनको प्रतिष्ठा कसरी बनाउन सकिन्छ भन्ने विषयमा छलफल गर्ने कार्यक्रम थियो । दोश्रो सत्रमा गाउँपालिका महासंघका कार्यकारी प्रमुख राजेन्द्र प्याकुरेलले पालिका सञ्चालन विधि र प्रभावकारिताको विषयमा छलफल गर्ने कार्यक्रम थियो । दोस्रो दिनको तेस्रो सत्रमा राष्ट्पतिका प्रेस सल्लाहकार किरण पोखरेलले पत्रकारिता र राज्य संचालनमा संचार मिडियाको भूमिका विषयमा छलफल गर्ने कार्यक्रम थियो । दोश्रो दिनको चौथो सत्रमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पोखरा कार्यालय प्रमुख तथा सहसचिव आसमान तामाङले स्थानीयतह र भष्ट्राचार नियन्त्रणका विषयमा छलफल गर्ने कार्यक्रम थियो ।

तेश्रो दिनमा, पहिलो सत्रमा पत्रकार, पत्रकारिता, समाचार निर्माण र पत्रकारितामा आएको नवीन प्रवृति, राज्य सञ्चालनमा मिडियाको भूमिका तथा मिथ्या सूचना, द्वेषपूर्ण सूचना र पत्रकार आचार संहिता र प्रस काउन्सिल नेपालको भूमिका विषय क्षेत्र समावेश गरिएका थिए । दोश्रो सत्रमा कृष्णहरी बांस्कोटाले स्थानीय सरकार संचालनको विविधपक्षका विषयमा छलफल छलफल गर्ने कार्यक्रम थियो । संकट व्यवस्थापन अर्न्तगत तत्कालमा व्यवस्था गरी स्थानीय सरकार संचालनमा आईपर्ने विषयवस्तु समावेश गरी तेस्रो दिनको पहिलो सत्रमा जिल्ला प्रशासन कार्यालयका सहायक प्र.जि.अ. गुरुदत्त ढकालले नागरिकता र स्थानीय सरकारका पालिकाहरुको भूमिका विषयमा छलफल गर्नु भएको थियो ।

साथै, पहिलो सत्रमा पत्रकार, पत्रकारिता, समाचार निर्माण र पत्रकारितामा आएको नवीन प्रवृति, राज्य सञ्चालनमा मिडियाको भूमिका तथा मिथ्या सूचना, द्वेषपूर्ण सूचना र पत्रकार आचार संहिता र प्रस काउन्सिल नेपालको भूमिका विषय क्षेत्रको मोड्युल अर्न्तगत तेस्रो दिनको दोश्रो सत्रमा पत्रकार तथा डा. कुन्दन अर्यालले मिथ्या सूचना प्रशारण, प्रकाशन र पत्रकारितामा नैतिकता विषयमा छलफल गर्ने कार्यक्रम थियो ।

माथि उल्लेख गरिए बमोजिम विशेषत स्थानीय सरकार संचालनका सन्दर्भमा जानकारी राख्नु पर्ने, कार्यसम्पादन गर्दा ध्यान पर्‍याउनु पर्ने किसिमका विभिन्न ८ वटा विषयहरु समावेश गरिएको थियो । ( विस्तृत विवरण अनुसूची  मा संलग्न )

## ४. तालिम विधि

तालिम सञ्चालन निम्न (क) प्रवचन विधि (ख) छलफल र अभ्यास विधि (ग) कार्यशाला विधि (घ) सीप सिकाई विधिबाट सञ्चालन गरिएको थियो ।

## ५. तालिम अवधि

CIGP को SMT समितिवाट निर्धारण गरिएको तालिम कार्यक्रम कार्ययोजना बमोजिम २०८० साल २०८० साल चैत्र ६ गते देखि ८ गते सम्म पोखरा कास्कीको टिका रिसोर्ट होटेलमा संचालन भएको थियो यस कार्यक्रममा गण्डकी प्रदेशका १० जिल्ला -(मनांग) बाहेका २९ स्थानीय सरकारका २९ जना प्रवक्ता (गाउंपालिकाका उपाध्यक्ष एक र  जना कार्यपालिकाका सदस्य) को सहभागिता रहको थियो । -विस्तृत विवरण अनुसूची  मा संलग्न)।

## ७. स्रोत व्यक्ति

तालिमको समय, विषय तथा प्रशिक्षकको विवरण **अनुसूची  मा** रहेकोछ । यस तालिम कार्यक्रमका स्रोत व्यक्तिहरु नेपाल सरकारका विभिन्न मन्त्रालय, विभागमा लामो समय सेवा गर्नु भएका, पत्रकारिता र सूचना संचार क्षेत्रका प्रख्याती भएका विज्ञहरुका साथै स्थानीय सरकार सञ्चालन सम्वन्धी सिद्धान्त र व्यवहार दुवैमा व्यापक ज्ञान, सीप र अनुभव हासिल गरेका उच्च श्रेणीका अधिकृत एवं व्यक्तित्वहरु लगायतका विज्ञहरू रहेका थिए । स्रोत व्यक्तिको विवरण कार्य तालिकामा रहेकोछ ।

## ८. व्यवस्थापन

तालिम कार्यक्रमको बन्दोबस्तीकासामग्रीहरू CIGP ले व्यवस्थापन गरेको थियो । तालिमसँग सम्बन्धित पाठ्य सामग्री तथा मसलन्द सहभागीहरुलाई प्रदान गरिएको थियो र सहभागिहरुको हाजिरी गरिएको पनि थियो ।

## ९. मनोनयन तरिका

- यस प्रशिक्षणका लागि स्थानीय सरकारका प्रवक्तालाई मनोनयन गरी पठाउनु पर्ने व्यवस्था अनुरुप सहभागी पालिकाबाट मनोनयन भई पत्रसाथ आएका थिए ।
- संस्थावाट अनुरोध गरी पठाईएको पत्र र मनोनयन प्राप्त भए पछि संस्थावाट मनोनयन स्वीकृति भएको पत्र सबै पालिकाहरुमा पठाईएको थियो । **अनुसूची** मा संलग्न गरिएको छ ।

## १०. प्रशिक्षण शुल्क

**यस** प्रशिक्षणका लागि प्रति सहभागी रु २८२५०/०० (मू.अ.कर सहित) प्रशिक्षण शुल्क तोकिएको थियो । कतिपय प्रवक्ता सहभागीहरुले नगद, चेक लिएर आएका थिए भने बाँकी सहभागिहरुले पत्रसाथ CIGP को विल लिएर गएका थिए ।

## ११. प्रशिक्षण सञ्चालन

प्रशिक्षण मिति २०८० साल चैत्र ६ गते विहान उद्घाटन कार्यकमवाट शुरु भयो । कार्यक्रममा २९ जना सहभागि उपस्थित थिए । पहिलो दिन, पहिलो सत्रमा उद्घाटन कार्यक्रम थियो । कार्यक्रमको आरम्भ गर्दै प्रमुख तालिम संयोजक महेन्द्र कुमार थापाले प्रशिक्षणले ज्ञान, सीप, व्यवहार सिकाउदै त्यसवाट पालिकाको कार्यसम्पादनका निखारपन ल्याउन सहयोग पग्ने विश्वास राख्नु भएको थियो । साथै तालिम कार्यक्रमको उद्घाटन तालिम कार्यकमले सहभागीहरुमा एक आपसमा सम्वन्ध विकास गर्ने तथा विस्तार गरी नेटवर्क बनाउने अवसर पनि हुन्छ भन्दै तालिमको सुरुवात गर्नु भयो ।

तालिम कार्यक्रमको उद्घाटनको उद्घाटनका लागि पोखरा महानगरपालिकाका प्रमुखलाई अनुरोध गरिएकोमा उहांको ममतामयी माताश्रीको सोही दिन विहान स्वार्गाराहण भएकाले, CIGP का अध्यक्ष कृष्णहरि बास्कोटाले ज्ञानको ज्योती पानसमा वत्ति बालि तालिम कार्यक्रमको उद्घाटन गर्नु भएको थियो

। उदघाटन मन्तव्य दिदै अध्यक्षज्यूले स्थानीय तहका प्रवक्ताहरु खासगरी बडाध्यक्ष हुनुहुन्छ । दैनिक कामको अतिरिक्त सूचना प्रवाह गर्ने थप जिम्मेवारी पनि हुन्छ । प्रवक्ताले आफनो बडाको सूचना जानेर मात्र हुदैन, पालिकाका  कार्यपालिका, विधायिका र न्यायिक समिति तथा बडाहरुको सूचना थाहा पाउनु पर्ने हुन्छ । यसकारण प्रवक्ताहरुका लागि दिईने तालिम उपलब्धिमूलक हुने हाम्रो विश्वास रहेकोछ भन्नु भयो । उद्घाटन कार्यक्रम पछि सहभागिहरुले एकले अर्काको परिचय दिएर चिनाउन गरे भने परिचय कार्यक्रम पछि फोटो सेसन रहेको थियो । साथै सहभागीहरुले करीव २० वटा विषयमा प्रशिक्षणवाट ज्ञान तथा शीप प्राप्त भई प्रवक्ताहरु कार्यसम्पादनमा सशक्त हुने विश्वासका साथ अपेक्षहरु उल्लेख गरेका थिए ।

पहिलो दिन, दोस्रो सत्रमा कृष्णहरि बास्कोटाले सूचनाको हक र सकारात्मक सोंच, तेस्रो सत्रमा नेपाल सरकारका पूर्व सहसचिव लक्ष्मी विलास कोइरालाले सञ्चार र प्रवक्ताको काम कर्तव्य र अधिकार, चौथो सत्रमा व्यवस्थापन विज्ञ मनोज भट्टराईले स्थानीय नेतृत्वको व्यवस्थापकीय भूमिकाका विषयमा छलफल गरिएको थियो ।

दोस्रो दिनको पहिलो सत्रमा पहिलो सत्रमा नेपाल सरकारका पूर्व सहसचिव महेन्द्र कुमार थापा (महेन्द्र सैवुल)ले संगठनको प्रतिष्ठा कसरी बनाउन सकिन्छ भन्ने विषयमा छलफल गर्नु भएको थियो  दोश्रो सत्रमा गाउँपालिका महासंघका कार्यकारी प्रमुख राजेन्द्र प्याकुरेलले पालिका सञ्चालन विधि र प्रभावकारिताको विषयमा छलफल गर्ने कार्यक्रम भए पनि मौसमको प्रतिकुलताका कारण काठमाण्डौवाट हवाईजहाज पोखरामा नआएकाले उक्त कक्षा सम्पन्न हुन सकेन । यो सत्रमा संस्थाका अध्यक्ष कृष्णहरी बांस्कोटाले स्थानीय सरकार संचालनको विविधपक्षका विषयमा छलफल गर्नु भएको थियो । दोस्रो दिनको तेस्रो सत्रमा राष्ट्पतिका प्रेस सल्लाहकार किरण पोखरेलले सोहि दिन काठमाण्डौवाट पोखरा आइ पत्रकारिता र राज्य संचालनमा संचार मिडियाको भूमिका विषयमा छलफल गर्ने कार्यक्रम भएतापनि मौसमको प्रतिकुलताका कारण काठमाण्डौवाट हवाईजहाज पोखरामा नआएकाले उक्त कक्षा सम्पन्न हुन सकेन । दोश्रो दिनको चौथो सत्रमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पोखरा कार्यालय प्रमुख तथा सहसचिव आसमान तामाङले स्थानीयतह र भष्ट्राचार नियन्त्रणका विषयमा छलफल गर्नु भएको थियो ।

तेस्रो दिनको पहिलो सत्रमा जिल्ला प्रशासन कार्यालयका सहायक प्र.जि.अ. गुरुदत्त ढकालले नागरिकता र स्थानीय सरकारका पालिकाहरुको भूमिका विषयमा छलफल गर्नु भएको थियो । तेस्रो दिनको दोश्रो सत्रमा पत्रकार तथा डा. कुन्दन अर्यालले मिथ्या सूचना प्रशारण, प्रकाशन र पत्रकारितामा नैतिकता विषयमा छलफल गर्नु भएको थियो । प्रशिक्षकहरुको नोट सहभागिहरुका लागि ईमेलबाट त्यहि दिन वितरण गरिएको थियो भने ईमेल नहुने हरुले पेन ड्राईभमा लिनु भएको थियो ।

## १२. प्रशिक्षण कार्यक्रममा सहभागीहरुको अपेक्षा

प्रशिक्षणमा भाग लिने सहभागहिरुको अपेक्षा निम्मन बमोजिम भएको पाईयो ।

- तालीमबाट प्रबक्ताको जिम्मेवारी बारे प्रष्ट भएर कार्य सम्पादनमा हुने अन्यौल हट्ने ।
- प्रबक्ताको भूमिका पूर्ण पाठ सफल भईन्छ कि भन्ने आशा लिएको छु ।
- प्रबक्ताको भूमिका कसरी सफल गर्न सकिन्छ ?
- प्रबक्ताकोकाम कर्तव्य र अधिकारबारे जान्ने सिक्ने ।
- अग्रज प्रशिक्षकज्यूहरुबाट धेरै सिक्ने अपेक्षा ।
- स्थानीय सरकारका प्रबक्ताको भूमिका तथा जिम्मेवारी बारेमा यस ३ दिनको प्रशिक्षणबाट धेरै सिक्ने अपेक्षा लिएको छु ।
- प्रबक्ताको भूमिका बारे सम्पूर्ण जनाकारी लिने ।
- तालीम पछि प्रबक्ता भएर स्थानीयसरकार प्रति जन समुदायको आशा भरोसा र विश्वास प्राप्त गर्न सक्ने हैसियतको बनू ।
- प्रबक्ता भूमिका विषयमा राम्रोसंग बुझ्ने र एक पटक यसैसंस्थाद्धारा गण्डकी प्रदेशभरिका प्रबक्ताको भेला हुने अवसर जुटाउन आग्रह ।

सहभागहीहरुका यी अपेक्षाहरु मध्ये धेरै जसो पुरा भएका छन्।

## १३. प्रशिक्षण कार्यक्रमको समापन सत्र

प्रशिक्षण कार्यक्रमको अन्तिम दिन चैत्र ८ गते अन्तिम सत्र समापन कार्यक्रम राखिएको थियो । समापन कार्यक्रममा संस्थाको अनुरोध बमोजिम प्रमुख अतिथीका रुपमा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री माननयि सरेन्द्रराज पाण्डे उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा प्रमुख अतिथीका रुपमा मुख्यमन्त्री स्वागत गर्दै, प्रमुख तालिम संयोजक महेन्द्र कुमार थापाले कार्यक्रम सुरु गर्नु भएको थियो । कार्यक्रममा सहमागिहरुका तर्फवाट गैडाकोट नगरपालिका, नवलपरासीका प्रवक्ता शिवकान्त तिवारीले, गाउंपालिकाका उपाध्यक्ष जमुना थापा मगरले तालिम पालिकाको कार्यसम्पादनमा फलदायी रहेको भनी तालिमको प्रसंशा गरेका थिए भने तालिमलाई प्रदेश स्तरमा लैजानु पर्ने र यस प्रकारको प्रशिक्षण कार्यक्रम प्रदेश सरकारले संचालन गरिदिनुपर्ने  अपेक्षा राख्नु भयो ।

तालिम कार्यक्रमको अन्तिम चरणमा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री माननीय सरेन्द्रराज पाण्डे, CIGP का अध्यक्ष कृष्णहरि बास्कोट र तालिमका प्रमुख संयोजक महेन्द्र कुमार थापाले हस्ताक्षर गरेको प्रमाणपत्र तथा सहभागिको फोटा मुख्यमन्त्रीले वितरण गर्नु भयो । कार्यक्रममा बोल्दै प्रवक्ताको भूमिका अत्यन्त संवेदनशील भएकाले प्रवक्ता हरदम सचेत बन्नु पर्ने बताउँदै सार्वजनिक काम गर्छु भने पछि आफनो जिम्मेवारी कुशलतापूर्वक सम्पनन गर्न चुक्न र थाक्न नहुने बताउने भयो । सहभागीको मन्तव्यका कममा उठाईएको विषयमा प्रदेश सरकारका मुख्यमन्त्रीले गण्डकी प्रदेशका पालिकाहरुका समस्याहरु समाधान गर्न सरकार दत्तचित्त रहेको भएतापनि सरकारको क्षमता भन्दा वाहिरको विषय भएको सन्दर्भमा सरकारले कानून निर्माण गर्ने कार्य गरिरहेको र अन्य विषयमा प्रदेश सरकारले समाधान गर्ने पक्षमा सोच गरेको छ भन्ने जानकारी दिनु भयो । कार्यक्रमको अन्तिममा अध्यक्ष बास्कोटा सरले सबैलाई धन्यवाद दिएर कार्यक्रम सम्पन्न भएको बताउनु भएको थियो ।

# परिच्छेद दुईः प्रशिक्षण मूल्यांकन

## १. पृष्ठभूमि

संचालन गरिएको तालिम के कस्तो रह्यो भनी जानकारी लिन प्रशिक्षार्थीहरुको दृष्टिकोणवाट हेनुपर्ने हुन्छ । त्यसका लागी निर्धारण गरिएको तालिम कार्यक्रमको सोच, लक्ष्य, तथा रणनीति बमोजिम संचालन गरिएको तालिमवाट प्रशिक्षार्थीहरुले के कस्तो ज्ञान, शीप दक्षता प्राप्त गर्न सफल भए । ती विषयहरुले सांगठनिक कार्य जीवनमा के कति कार्यसम्पादन सरल एवं सहज वनाउन योगदान पुर्‍याएको छ पुर्‍यादछ भन्ने जानकारी राख्न सहभागितावाट “तालिमको समग्र मुल्यांकन” र “सहजकर्ता मुल्यांकन फारम” फारमहरु उपयोग गरिएको थियो । सो वाट प्राप्त विवरणलाई विश्लेषण गर्दा निम्न बमोजिम देखिएकोछ ।

## २. तालिमको समग्र मुल्यांकन

अन्तिम दिनको प्रशिक्षण कक्षा सकिएपछि मुल्यांकन गर्ने कार्य शुरु गरिएको थियो । यसका लागि ११ वटा प्रश्नावली राखि सवै प्रशिक्षार्थीलाई दिईएको थियो ।

पहिलो प्रश्नमा विषयवस्तुको सान्दर्भिकता कस्तो पाउनु भयो भन्नेमा अति राम्रो ३४.४ र राम्रोमा ५१.७ प्रतिशत प्रशिक्षार्थी रहेको राम्रो र अतिराम्रो मा ८६.० प्रतिशत भएकाले बढि संख्याले सान्दर्भिक भएको उल्लेख गरेको पाईयो । त्यसैगरी, विषयवस्तुको सिलसिला कत्तिको मिलेको पाउनु भयो भन्ने अर्को प्रश्नमा ३.४ ले सामान्य, राम्रोमा ७२.४ र अतिराम्रोमा १३.८ प्रतिशत रहेको र राम्रो तथा अति राम्रो जोड्दा ८६.२ प्रतिशत रहेकोले केहि अपवाद बाहेक वियवस्तु मिलेको नै मान्नुपर्छ । यस्तै, नमिलेको भए के गर्दा राम्रो हुन्थ्यो भन्ने प्रश्नमा धेरैले नभरेको तथा एक दुईले मात्र जवाफ दिएको मा विषयवस्तु मा केन्द्रित गर्नुपर्ने भन्ने राय दिएको पाईयो । ।

यो तालिमले तपाईको कार्य क्षेत्रमा कत्तिको प्रभाव पार्ला भन्ने अर्को प्रश्नको उत्तरमा सामान्य प्रभाव पार्ला भन्नेमा ३.४ प्रतिशत र राम्रोमा ४४.८ प्रतिशत रहेको र अति राम्रो प्रभाव पार्ला भन्नेमा ४४.८ प्रतिशत रहेकाले दुवैको जोड्दा तालिमले प्रशिक्षार्थिको सांगठनिक कार्यजिवनमा ८९.६ ले काम लाग्ने नै ठहर्‍याएको देखिन्छ । यसैगरी, तालिम अवधी कस्तो लाग्यो भन्ने प्रश्नमा ६५.५  ले ठिक्क, १३.७ ले छोटो र ६.८ ले लामो लागेको मत जाहेर गरेकाले ६५.५ ले ठिक लागेकोले यो तालिमको अवधी ठिक भएको पाईयो ।

यसैगरी, व्यवस्थापन तर्फका विषयमा, चिया खाजाको व्यवस्था ५८.६ ले राम्रो मानेको, र १७.२ ले अति राम्रो भनेकाले खाजाको व्यवस्थापन राम्रो रहेको देखिन्छ । स्टेशनरी व्यवस्थापनमा ७९.३ ले राम्रो मानेको पाईयो । ८६.२ प्रतिशत प्रशिक्षार्थिले तालिम स्थल राम्रो मानेको पाईयो तर ३.४ ले मात्र सामान्य रहेको पाईयो । तालिममा राम्रो लागेको ३ वटा विषय लेख्नुहोस् भन्ने प्रश्नमा धेरैले प्रशिक्षक छनौट, विषयवस्तु

र विज्ञ प्रशिक्षक छनौट नै उपयुक्त तथा राम्रो भएको उल्लेख भएको, विषयवस्तु मसामयीक भएको, समय व्यवस्थपन, अनुभव आदान प्रदान गर्ने कार्य, प्रवक्ताको काम, कर्तव्य र भूमिकाको विषय, संयोजकहरुको हार्दिकता र उदाहरण सहितको जोशिलो प्रस्तुतीकरण नोट छिट्टै इमेलमा राखीदिने कार्य समेत उल्लेख गरेकाछन् भने धेरैले खाली छाडेको पाईयो ।

यसैगरी तालिम स्थल कस्तो लाग्यो भन्ने प्रश्नमा राम्रोमा ६२.०, अति राम्रोमा २४.१ देखिएकाले प्रशिक्षण स्थल सहभागहिरु सवैले मन पराएको देखियो । साथै, यस तालिमका कम प्राथमिकता दिए पनि हुने विषय ३ वटा उल्लेख गर्नुहोस् भन्नेमा सवैले ठिक नै मानेको भएर होला कुनै उल्लेख गरेको पाईएन । सुझावका लागि राखिएको खण्डमा केहिले अर्को कार्यक्म संचालन गर्नु पर्ने उल्लेख गरेको पाईयो । मूल्यांकनको क्रममा तालिम उपलब्धिमूलक र उपयोगी भएको समान मत रहेको थियो । तालिम कार्यक्रमलाई विस्तार गर्नु पर्ने सुझाव दिदै संचालन अधिकांश प्रशिक्षकहरुलाई उत्कृष्ठ रहेको उल्लेख गरे ।

## ३.प्रशिक्षक प्रशिक्षण मुल्यांकन

यसै गरी, कक्षा संचालन गर्ने प्रशिक्षकले कक्षा संचालन गर्दा प्रयोग गरिएको विषयवस्तु, प्रस्तुतीकरण, अन्तरक्रियात्मक सहभागीता, अभ्यासहरुको प्रयोग, अनुभव आदान प्रदानको मौका, जस्ता सूचकका आधारमा अति राम्रो, राम्रो, सामान्य र कम गुणका आधारमा वर्गमा विभाजन गरि प्रशिक्षार्थीद्धारा प्रशिक्षक प्रशिक्षण मुल्यांकन गर्ने कार्य सम्पन्न गरिएकोमा कृष्णहरि बांस्कोटाको सर्वोत्कृष्ट लागेको कक्षा तत्पश्चात् डा. कुन्दन अर्यालको कक्षा दोश्रो वर्गमा र महेन्द्र कुमार थापा, लक्ष्मीविलास र कोईराला र मनोज भट्टराईको कक्षा उत्कृष्ट रहेको देखियो । आसमान तामाग र गुरुदत्त ढकालको कक्षा ठीक्कै लागेको पाईयो ।।

## ४. कार्यक्रम संचालनमा सकारात्मक तथा कमजोरी पक्ष

हरेक सिक्काका दुई पाटा हुन्छ भने झै प्रत्येक कार्य सम्पादन गर्दा सकारात्मक पक्ष र नकारात्मक पक्षहरु संगसंगै आउने गर्दछन् । प्रशिक्षार्थीको पक्ष धेरै नै सकारात्मक पक्षहरु भए, जस्तै : यस तालिम कार्यक्रम संचालन गर्दा प्रशिक्षार्थीहरुले निजहरुलाई तोकिएको आआफनो जिम्मेवारी निजहरुवाट पूर्ण रुपमा पालना गरेको पाईयो । साथै प्रशिक्षार्थीहरु धेरै अनुशासित, कक्षामा नियमित सहभागी भएका र प्रस्तुतीकरण अति नै राम्रो गरेको पाईयो ।

## ५. सुझाव तथा भविश्यमा गर्नुपर्ने कार्यहरु

पूर्णता कहि कतै कहिल्यै पाईदैन र कुनै व्यक्ति पनि हुन नसक्ने, नहुने भन्ने सर्वमान्य मान्यता जिवितै रहेकाले धेरै मेहनत तथा लगनशिल भएर गरिएका पूर्ण सफलतापूर्वक सम्पन्न कामहरु पनि कहि कतै

केहि न केही कमीकमजोरीहरु भएका हुन्छन् । त्यसैले, सुधार तथा परिमार्जनको संभावना जहां जहिले जुन विषयमा पनि रहेको हुन्छ । तसर्थ, भविश्यमा गरिने यस्तै कार्यक्रमहरुमा अहिले पहिचान गरिएका, अहिले प्रकट भएका विषयहरुको परिमार्जनको अपरिहार्य हुन्छ । प्रशिक्षार्थीहरुका सुझावहरु तथा तालिम संयोजकहरुवाट पहिचान गरिएका विषयहरुलाई समावेश गरिए निम्न बमोजिमका विषयहरु भविश्यमा परिमार्जन गर्न सुझाव पेश गरिएको छ ।

१.प्रशिक्षणका विषयवस्तुलाई अलि छोटो वनाउनुपर्ने,
२.स्थानीय तहका व्यवहारिक समस्याहरुलाई जोड दिने गरि प्रशिक्षकले
कक्षा संचालन गर्ने,
३. विहानको पुनरावलोकन गर्ने सत्रको सट्टा अर्को कक्षा भए पनि हुने,
४.आवाशिय कार्यक्रम संचालन गर्दा जोखिमका विषयवस्तुलाई पहिले नै अनुमान गरी ती कम गर्ने प्रयासहरु राख्नु पर्ने

## समाप्त

# अनुसूचीहरु

# फोटोहरु